**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०८ अप्रेल २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- भारत अनि पोर्तुगलबीच आज प्रतिनिधि मण्डल स्तरीय वार्ता भयो।

- कलकत्ता उच्च न्यायालयले राज्य सरकारलाई ७२ घण्टाभित्र गैरकानूनी रूपमा शिक्षकको नोकरी पाउने ३१३ जनाको वेतन रोक्न पदक्षेप लिने निर्देश दिएको छ।

- पश्चिम बंगालमा 32 हजार प्राथमिक शिक्षकहरूको भर्ती अनियमिततामाथि सुनवाईको निम्ति कलकत्ता उच्च न्यायलयले नयाँ पीठ गठन गरेको छ I

- पुलिसका एसआई अमिताभ मल्लिक हत्याकाण्डको आरोपी प्रकाश गुरुङलाई जलपाईगडी सर्किट बेन्चबाट बेल जमानत पाएका छन् I

- सिक्किमबाट एन जे पी तर्फ गइरहेको एउटा वाहन दुर्घटना हुँदा कोलकता नेताजी महाविद्यालयको जियोग्राफी विभागका 8 जना विद्यार्थीहरु साथै वाहन चालक घाइते बनेका छन्।

**राष्ट्रपति- पुर्तगाल**

भारत अनि पोर्तुगलबीच आज प्रतिनिधि मण्डल स्तरीय वार्ता भयो। राष्ट्रपति द्रौपदी मुर्मुले पोर्तुगल भ्रमणको दोस्रो तथा अन्तिम दिन आज पोर्तुगलको संसदका अध्यक्ष जोसे पेड्रो अगुआर-ब्रान्कोसँग वार्ता गर्नुभयो। दुवै पक्षले सम्बन्धलाई सुदृढ पार्ने तरिकाहरूबारे छलफल गरे। राष्ट्रपतिले संसद सदस्यहरूसँग भेट गर्नुका साथै भारत-पोर्तुगल संसदीय मैत्री समूहका सदस्यहरूसँग पनि अन्तरक्रिया गर्नु भयो।

****** ० ******

**313 शिक्षक नियुक्ति**

शिक्षक नियुक्तिमा भ्रष्टाचारको कारण भखरै सर्वोच्च न्यायालयले लगभग २६ हजार जनाको नोकरी रद्द गरेपछि अब पहाड़मा शिक्षकहरूको गैरकानूनी नियुक्तिको आरोपप्रति कलकत्ता उच्च न्यायालयले सतर्क गराएको छ। हिज न्यायाधीश विश्वजीत बसुले यस मामिलाको सुनवाई गर्दै राज्य सरकारलाई ७२ घण्टाभित्र गैरकानूनी रूपमा शिक्षकको नोकरी पाउने ३१३ जनाको वेतन रोक्न पदक्षेप लिने निर्देश दिनु भएको छ। राज्य सरकारलाई सतर्क गराउँदै न्यायाधीश बसुले निर्धारित समयसीमाभित्र यो निर्देश लागू नगरिए आउँदो दिनमा न्यायालयले कड़ा पदक्षेप लिने बताउनु भयो। कसरी यतिजनालाई नियुक्ति दिइयो ? भन्ने विषयमा राज्यको भूमिकाप्रति यस दिन पनि उच्च न्यायालयले असन्तोष प्रकट गर्यो। यस प्रसंगमा न्यायाधीश बसुले यी शिक्षकहरूले पढ़ाउनका लागि न्यूनतम प्रशिक्षण लिएका छन् भन्नु हुदै प्रश्न गर्नु भयो यसका साथै यिनीहरूको शैक्षिक योग्यता के छ भन्ने विषयमा पनि प्रश्न गर्नु भयो I न्यायाधीश बसुले पहाड़मा शिक्षक नियुक्तिमा भ्रष्टाचार गरेर नोकरी पाउनेहरूबारे मन्तब्य दिनु हुदै भन्नु भयो, जीटीए-ले अहिले यदि यिनीहरूका परिवार छ, यिनीहरूमा सन्तानको दायित्व छ भनेर सहधर्मिता देखाउँछ भने, जीटीए-ले अन्य शिशुहरूको भविष्य क्षतिग्रस्त गर्नेछ।हिज न्यायालयमा सीआईडी-ले स्ट्याटस् रिपोर्टअ जमा गरेको थियो। सोही रिपोर्ट हेरेर न्यायाधीश बसुले अहिले नै यी शिक्षकहरूको वेतन बन्द गर्नु पर्ने साथै राज्यले किन यिनीहरूको वेतनको भार वहन गर्छ भनी प्रश्न राख्नु भयो। यस मामिलाको अघिल्लो सुनवाई बिहीवार हुनेछ।

****** ० ******

**उच्च न्यायलाय - प्राथमिक शिक्षक भर्ती**

पश्चिम बंगालमा 32 हजार प्राथमिक शिक्षकहरूको भर्ती अनियमिततामाथि सुनवाईको निम्ति कलकत्ता उच्च न्यायलयले नयाँ पीठ गठित गरेको छ I न्यायमूर्ति तपब्रत चक्रवर्तीले अब पश्चिम बंगालका विभिन्न सरकारी स्कूलहरूमा 32 हजार प्राथमिक शिक्षकहरूको भर्तीमा भएको अनियमिततासित सम्बन्धित मामिलाको सुनवाई गर्नु हुनेछ । पहिला यो मामिला न्यायमूर्ति सौमेन सेन र न्यायमूर्ति स्मिता दासको पीठलाई सुम्पिइएको थियो। तथापि हिज न्यायमूर्ति सेनले व्यक्तिगत कारणको आधारमा मामिलाको सुनवाईदेखि आफूलाई टाड़ा राखेपछि मामिलालाई मुख्य न्यायाधीश टी. एस. शिवगणनम समक्ष पठाइएको थियो I त्यसपछि यो मामिलालाई न्यायमूर्ति चक्रवर्तीको अध्यक्षतामा रहेको नयाँ डिभीजन बेञ्चलाई सुम्पिएको छ । यस मामिलामा राज्यका विभिन्न सरकारी स्कूलहरूमा कार्यरत लगभग 32 हजार प्राथमिक शिक्षकहरूको भविष्यमाथि प्रश्न उठिरहेको छ।

स्मरण गराइन्छ, मई, 2023- मा कलकत्ता हाईकोर्टको तत्कालीन एकल पीठका न्यायमूर्ति तथा वर्तमान भारतीय जनता पार्टीका लोकसभा सांसद अभिजीत गांगुलीले भर्ती प्रक्रियामा भएको घोटालालाई मध्यनजर गर्दै 32 हजार प्राथमिक शिक्षकहरूको नियुक्तिलाई रद्द गर्ने आदेश दिएका दिनु भएको थियो।

****** ० ******

**अलिपुरद्वार - शिक्षक हड्ताल**

सर्वोच्च अदालतको फसेलाका कारण नोकरी गुमाएका आफ्ना सहकर्मीहरूको समर्थनमा अलिपुरद्वार जिल्लाको फालाकाटास्थित प्रमोद नगर उच्च विद्यालयका शिक्षकहरूले हडताल सुरु गरेका छन्। फलस्वरूप, विद्यालय परीक्षाहरू स्थगित गरियो। वास्तवमा, अहिले स्कूलमा युनिट परीक्षा चलिरहेको छ भने आज चौथो परीक्षा थियो। विद्यालय पुगेपछि विद्यार्थीहरूले शिक्षकहरूको विरोधका कारण आफ्नो परीक्षा नहुने थाहा पाए। परीक्षा १२ अप्रेलसम्मका लागि स्थगित गरिएको छ। त्यसपछि विद्यार्थीहरू पनि शिक्षकहरूसँगै हातमा प्लेकार्ड लिएर विरोध प्रदर्शनमा सामेल भए। विद्यार्थीहरू विद्यालय नजिकैको क्षेत्रमा भेला भए र केही घण्टा विरोध प्रदर्शन गरे।

****** ० ******

**प्रकाश गुरुङ**

पुलिसका एसआई अमिताभ मल्लिक हत्याकाण्डको आरोपी पुर्व जीटीए सभासद तथा हाल आई.जी.जे.एफ.का संस्थापक सदस्य प्रकाश गुरूङले हिज कोलकता उच्च न्यायलयको जलपाईगडी सर्कीट बेन्चबाट जमानत पाएको जानकारी अधिवक्ता योगेस दियालीले दिनु भएको छ । गुरूङले पुलिसका एसआई अमिताभ मल्लिक हत्याकाण्डको मामिलामा बेल पाए पनि उनीविरुद्ध अन्य धेरै कानुनी धाराहरू पनि रहेको कारण उनलाई जेलबाट उनलाई मुक्त गरिने छैन । आगामी 10 अप्रेलको दिन गुरूङलाई फेरि दार्जीलिङ अदालातमा पेश गरिने छ भने उक्त दिन उनले बेल पाउन सक्ने सम्भावना रहेको अधिवक्ता दियालीले बताउनु भएको छ । स्मरन रहोस् बर्ष 2017 मा दार्जीलिङ पहाडमा गोर्खाल्याण्ड आन्दोलन चलिरहेको समय एसआई अमिताभ मल्लिक हत्याको घटनामा गोजमुमोका 26 समर्थकहरू माथी दार्जीलिङ पुलिसले प्राथामिकी दर्ता गरेको थियो । यसै मामिलामा 9 मार्चको दिन दार्जीलिङ पुलिसले प्रकाश गुरूङलाई पक्राउ गरेर दार्जीलिङ अदालातमा पेस गरेको थियो । हिजो यसै मामिलामा गुरूङले जलपाईगडी सर्कीट बेन्चबाट बेल पाएका हुन्।

****** ० ******

**अल ईण्डिया ट्रेड युनियन**

अल ईण्डिया ट्रेड युनियन कंग्रेसको सभा आज गोर्खा दु:ख निवारक सम्मेलन भवनको पुस्तकालय कक्षामा सम्पन्न भयो । दार्जीलिङ तराई डुवर्स चिया कमान मजदुर युनियनको आयोजनामा सम्पन्न गरिएको सभामा चिया उद्योगको समस्याहरु, 5 डेसिमल जमीन, पर्जा पट्टा अनि चिया बगानका 30% जमिन उद्योगपतिहरुलाई दिईने विषय लगायत श्रमिकहरुको पी. एफ,ग्राचुटी ,मिनिमम वेजेस एक्ट जस्ता विभिन्न बिषयमा चर्चा गरियो । दार्जीलिङका चिया बगानका विभिन्न समस्याहरुको मुद्धा आगामी महिना कोलकतामा हुने AITUC को बृहत् न्यालीमा पनि उठाइने भएको संगठनको पक्षबाट सुनिल राईले जानकारी गराउनु भएको छ । आजको सभामा AITUC राज्य कमिटीका सचिव दार्जीलिङ जिल्लाका प्रतिनिधिहरु क्रामकपा महासचिव आर बी राई , गोजामुमो श्रमिक संगठनबाट सुरज सुब्बा लगायत अन्यको उपस्थिति रहेको थियो ।

****** ० ******

**वाहन दुर्घटना - राष्ट्रिय राजमार्ग**

आज सिक्किमबाट एन जे पी तर्फ गइरहेको एउटा वाहन दुर्घटना हुँदा कोलकता नेताजी महाविद्यालयको जियोग्राफी विभागका 8 जना विद्यार्थीहरु साथै वाहन चालक घाइते बनेका छन्। घटना अनुसार आज दिउँसो लगभग दुई बजितिर SK 07J 0113 नम्बरको वाहन पेलिङ सिक्किमबाट सिलिगडीतर्फ गइरहेको थियो। वाहन राष्ट्रिय राजमार्ग 10 को लेप्चा झोडा आइपुग्दा अचानक माथिबाट एउटा सुकेको रुख वाहन अघि ढल्दा चालकले वाहन साथै सवार यात्रुहरुलाई जोगाउने प्रयास गर्दा वाहन दुर्घटना भएको जानकारी प्राप्त भएको छ। घटनापश्चात् घाइतेहरुलाई कालेबुङ जिल्ला अस्पताल पुऱ्याइएको छ भने हाल सबैको अवस्था खतरा देखी बाहिर रहेको जानकारी प्राप्त भएको छ।

****** ० ******

**फुलबारी- दुर्घटना**

मंगलबार बिहान सिलगडी नजिक फुलबारीको जोतियाकाली मोडमा ग्यास ट्याङ्करले ठक्कर दिंदा एक महिलाको मृत्यु भएको छ भने अर्की एक महिला गम्भीर घाइते भएकी छन्। मृतक महिलालाई चम्पासरी निवासी ३३ वर्षीय करुणा शर्माको रूपमा चिन्हित गरिएको छ। घटनापछि आक्रोशित भीडले सडक अवरुद्ध गर्दै विरोध प्रदर्शन गरेको थियो। सूचना पाएपछि एनजेपी पुलिस चौकी र फुलबारी राजमार्ग ट्राफिक चौकीका पुलिस घटनास्थलमा पुगेर स्थिति नियन्त्रणमा लिन लाठीचार्ज गर्नु परेको थियो।

****** ० ******

**मिरिक – अस्पताल**

मिरिक खण्डको डुप्टिन अस्पतालका विभिन्न समस्या समधानका लागि क्षेत्रीय सभासद मिलेस राई, डुप्टिन ग्राम पन्चायत प्रधान शर्मिला राई,उप प्रधान मानव सुब्बा,भागोप्रमो मिरिक महकुमा सचिव सतीस थापा,मिडिया सेलका राजू सुब्बा अनि नारी शक्ति समष्टि अध्यक्ष श्रीमती किरण सुब्बा भूटियाको प्रतिनिधि टोलीले मिरिक खण्ड प्राथमिक अस्पतालका बीएमओएच डा. अभिजित कुमार महन्तसंग भेट गरि एउटा ज्ञापन पत्र बुझाएका छन्। जसमा डुप्टिन अस्पतालमा दैनिक डाक्टरको उपस्थिति अनि विरामीहरुलाई भर्ना गर्नका लागि वेडहरु उपलब्ध गराइनु पर्ने माग गरेको डुप्टिन ग्राम पन्चायत प्रधान शर्मिला राई बताउनु भएको छ I

****** ० ******

**जी टी ए आइडल**

नवदित प्रतिभाहरुलाई उचित मञ्च प्रदान गर्ने उदेश्य लिएर शुरु गरिएको नेपाली एकल गायन प्रतियोगिता "जीटीए आईडल" को दार्जीलिङ सदर 3 समष्टिको आडिसन आज स्थानीय कला मन्दिर दार्जीलिङमा सम्पन्न गरियो। जीटीए सूचना एंव सास्कृतिक बिभागको आयोजना सम्पन्न गरिएको सदर 3 समष्टिको अडिसनमा समष्टिका १० जना नवदित कलाकारहरुले अडिसन दिएका थिए। छनौट भएका प्रतियोगीहरु मध्ये एक जाना लाई जीटीए आईडलको फाईनल प्रतियोगीतामा पठाईने एंव दोस्रो, तेस्रो अनि चौथो हुने प्रतियोगीहरुलाई लिएर अडियो भिडियो बनाईदिने आयोजक समितिको पक्षबाट पासङ अग्रवालले जानकारी गराउनु भएको छ । आज भएको प्रतियोगितामा मुख्य अथितीहरु सूचना एंव साकृतिक बिभागका कार्यकारी सभासद अनोस थापा, सगिंतकार बसन्त छेत्री,दुर्गा खरेल,किरण ठकुरी ,जीवन लाबर,जीवन प्रधान ,सोनु राई ,कमला लेप्चा माईनेरेटी समाजका सदस्यहरु आदिको उपस्तिथि रहेको थियो ।

****** ० ******